## पशु चिकित्सक करारमा सेवा लिने सम्बन्धी सूचना
## (सुचना प्रकाशित मिति २०७९/९/१३)

| क्र.सं. | विज्ञापन नं. | पद नाम | आवश्यक संख्या | पारिश्रमिकतथा सुविधा |
|---|---|---|---|---|
| १ | १/०७९/८० | पशु चिकित्सक | १ (एक) | बागमती प्रदेश सरकारले तोके बमोजिम |

१. **शैक्षिक योग्यता र अनुभव :**

१.१ नेपाली नागरिक रहेको ।

१.२ २१ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेको तर महिलाको हकमा ४० वर्ष ननाघको।

१.३ मान्यता प्राप्त शिक्षण संस्थाबाट वि.भि.एस. एण्ड ए. एच. उपाधि वा सो सरह उत्तीर्ण गरी परिषद् वा दर्ता हुनुपर्ने निकायमा दर्ता भएको ।

१.४ नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको ।

१.५ भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी बर्खास्त नभएको ।

१.६ स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।

२. **दरखास्तमा संलग्न गर्नुपर्ने:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि तथा प्रचलित नेपाल कानून बमोजिम काउन्सिल वा परिषद् वा अन्यमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

३. **छनौट सम्बन्धि मापदण्ड:**बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट जारी " स्थानीय तहमा कृषि स्नातक प्राबिधिक परिचालन कार्यबिधि २०७९" बमोजिम लिखित तथा अन्तर्वाताको माध्यमबाट उम्मेद्वारको छनौट तथा सिफारिश गरिने छ ।

(१) लिखित परीक्षा

(२) अन्तरवार्ता

४. **विविध**

५.१ लिखित परीक्षामा सफल हुने लाई Medical जाँच र शारिरीक परिक्षणमा उत्तीर्ण भए पश्चात मात्र अन्तर्वातामा सहभागी गरिनेछ ।

५.२ कार्यालय समय:कार्यालयले तोके अनुसार हुनेछ

५.३ सेवाअवधि: २०८० असार मसान्तसम्म ( बागमति प्रदेश सरकारबाट कार्यक्रमले निरन्तरता पाएमा करार अवधि थप हुन सक्नेछ ।

५.४ परीक्षा दस्तुर: रु. १०००।-,

केशव सिलवाल
निर्देशक, महाशाखा प्रमुख
कानून तथा प्रशासन महाशाखा

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

कार्यविवरण:

**कर्मचारीको पद:** पशु चिकित्सक

**कर्मचारीको नाम:**

**सुपरिवेक्षक:** कानून तथा प्रशासन महाशाखा प्रमुख

काम गर्नुपर्ने स्थान: मध्यपुर थिमि नगरपालिका क्षेत्र भित्र

प्रतिवेदन पेश गर्नुपर्ने अधिकारी: प्रमुख प्रशासकीय अधिकृत

**कार्य विवरण:**

१) पशुपन्छी रोग निदान र उपचार तथा सो कार्यको रेकर्ड अध्यावधिक गर्ने ।
२) पशुपन्छी स्वास्थ्य र उत्पादकत्व कायम र क्रमश: सुधार गराउने ।
३) सम्बन्धित स्थानीय तहको पशुपन्छी तर्फको वार्षिक कार्यक्रम तर्जुमा कार्यान्वयन र प्रगति प्रेषण गर्ने ।
४) स्थानीय तहमा रहेका पशुपन्छीको तथ्याङ्क अध्यावधिक गर्ने र सोको विवरण प्रदेश तथा पशु सेवा विभागमा पठाउने ।
५) स्थानीय तहमा आएका पशु सेवा विभाग मार्फत सशर्त अनुदानका कार्यक्रम सञ्चालन रसहजीकरण गर्ने ।
६) राष्ट्रिय पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्तर्गत संघ वाट प्राप्त सम्पूर्ण खोपहरू सहित खोप कार्यक्रम नियमित रूपमा संचालन गर्ने ।
७) आकस्मिक रोगहरूको Investigation गरी Real Time रिपोटिङ्ग गर्ने ।
८) कृत्रिम गर्भधानको सेवा टेवा दिने तथा सो सम्बन्धी विवरण अध्यावधिक गरी प्रगति प्रेषण गर्ने ।
९) Livestock, Feed sources mapping गर्ने ।
१०) Animal Identification and registration कार्यमा सहयोग तथा सहजीकरण गर्ने ।
११) ईपिडीमियोलोजिकल रिर्पोट नियमित रूपमा प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्र र संघको पशु सेवा विभाग इपिडीमियोलोजी शाखामा सम्प्रेषण गर्ने ।
१२) राष्ट्रिय सूचीकृत रोगहरूको आउटब्रेक अन्वेषण, सर्भिलेन्स र नियन्त्रण गर्ने ।
१३) रोग परीक्षण र निदानको लागि आवश्यक नमूना संकलन गरी प्रयोगशालामा परीक्षण गर्ने र थप परीक्षणको लागि नजिकको प्रयोगशालामा पठाउने
१४) भ्याक्सिन भण्डारणको लागि कोल्ड चेन प्रणाली सञ्चालन गर्ने र यसका लागि आवश्यकभएमा जनस्वास्थ्य क्षेत्रसँग समेत समन्वय गरी पशु स्वास्थ्य क्षेत्रमा कोल्ड चेन सिष्टम विकास गर्ने
१५) सूचीकृत रोग, सीमाविहीन रोग तथा विश्व पशु स्वास्थ्य संगठनमा तात्कालीन सूचीकृत रोगहरू फैलिएको शंका लागेमा तुरून्तै नमूना संकलन गरी निदानको लागि नजिकैको भेटेरिनरी अस्पताल वा प्रयोगशालामा पठाउने र सोको जानकारी वा रिपोर्टिङ यथाशीघ सम्बन्धित निकाय (पशु सेवा विभाग, भेटेरिनरी इपिडीमियोलोजी शाखा) मा गर्ने ।
१६) जनस्वास्थ्यसँग सम्बन्धित रोगहरू (नेपाल सरकारको राजपत्रमा प्रकाशित भएका प्राथामिकतामा रहेका जुनोटिक रोगहरू) को जनस्वास्थ्यसँग सम्बन्धित निकायहरूसँग समन्वय र सहकार्य गरी सर्भिलेन्स, अन्वेषण तथा नियन्त्रण गर्ने ।
१७) पालिकामा रहेका पशुपन्छीपालक किसानका साथसाथै पशुपन्छी संख्या तथा दर्ता भएकापशुपन्छी फार्मको संख्या अध्यावधिक गर्ने ।
१८) पालिकामा कार्यरत पशु सेवा प्राविधिकहरूको अभिलेख राख्ने र नियमित बैठक गरी सोबाट उठेका विषय प्रदेशको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा जानकारीगराउने ।
१९) रोग फैलिएको समयमा रोग नियन्त्रण सम्बन्धी सूचनामूलक सामग्री तयार गरी प्रकाशन, प्रसारण तथा स्थानीय स्तरमा जानकारी गराउने ।
२०) पशु तथा पशुजन्य पदार्थको आन्तरिक ओसारपसारका लागि पशु स्वास्थ्य प्रमाणपत्र जारी गर्ने ।
२१) पशुपन्छीजन्य महामारी एवं प्रकोप लगायतका विपद् व्यवस्थापनमा प्रदेश तथा संघ सँग समन्वय र सहकार्य गर्ने ।
२२) पशु सेवा विभागबाट प्राप्त भएका पशुपन्छीमा लगाइने खोपहरू नियमित रूपमा लगाउन भ्याक्सिनेटको व्यवस्था गर्ने र नियमित खोप लगाएको सम्पूर्ण विवरण विभागमा जानकारी गराउने ।
२३) पालिकामा रहेका घरपालुवा तथा सामुदायिक कुकुरको रेकर्ड राख्ने र यस्ता कुकुरलाई बन्ध्याकरण तथा रेविज खोप लगाउने कार्य सञ्चालन गर्ने ।
२४) कुकुरको टोकाईबाट मानिसमा हुने रेबिजलाई शून्यमा झार्ने अभियानलाई सफल बनाउन स्थानीय स्तरमा रेविज नियन्त्रण कार्य सञ्चालन गर्ने
२५) छाडा छोडिएका चौपायाको व्यवस्थापनमा स्थानीय संघसंस्थासँग समेत समन्वय गरी कार्य गर्ने र पशु छाडा छोड्ने चलनलाई निरुत्साहित गर्न पशु पहिचान गर्न स्थानीय स्तरमा प्रणाली विकास गर्ने ।
२६) पशु कल्याण सुनिश्चितताको लागि आवश्यक कार्य गर्ने ।
२७) आर्थिक दृष्टिकोणले महत्वपूर्ण रोगहरु (राष्ट्रिय रोग नियन्त्रण कार्यक्रममा समावेश गरिएका रोगहरु) को रोकथाम तथा नियन्त्रणको सन्दर्भमा खोपको व्यवस्थापन गरी नियमित रुपमा भ्याक्सिनेसन गर्ने ।

केशव सिलवाल
निर्देशक, महाशाखा प्रमुख
कानून तथा प्रशासन महाशाखा